नेपाल सरकार

कृषि विकास मन्त्रालय

कृषि विभाग

**पोष्ट हार्भेष्ट व्यवस्थापन निर्देशनालय,श्रीमहल, ललितपुर**

कोदो चुट्ने मशिन खरिद को लागि सिलवन्दी दरभाउपत्र आव्हानको सूचना

(प्रथम पटक सूचना प्रकाशित भएको मितिः २०७४।०७।०८

सुचना नं. २/०७४/०७५

१. पोष्ट हार्भेष्ट व्यवस्थापन निर्देशनालय,श्रीमहल, ललितपुर ले योग्य बोलपत्रदाताहरूबाट, राष्ट्रिय स्तरको खुल्ला दरभाउपत्र प्रकिया अन्तर्गत, कोदो चुट्ने मशिन खरिद गर्न यो दरभाउपत्र आव्हान गर्दछ

२. योग्य दरभाउपत्रदाताहरूले यस सम्बन्धी थप जानकारीको लागि वा दरभाउपत्र सम्बन्धी कागजातहरु हेर्न (अध्ययन गर्न) चाहेमा, यस कार्यालयको निम्न ठेगानामा सम्पर्क राख्न सक्नेछन्:

(पोष्ट हार्भेष्ट व्यवस्थापन निर्देशनालय, श्रीमहल, ललितपुर टेलिफोन नं. ०१५५२११५१ फ्याक्स नं. ०१५५५०२२६ र इमेल postharvestnepal@gmail.com, website:www.phmd.gov.np

३ योग्य दरभाउपत्रदाताले दरभाउपत्र सम्बन्धी कागजातहरु पोष्ट हार्भेष्ट व्यवस्थापन निर्देशनालय,श्रीमहल, ललितपुर बाट मिति २०७४।०७।२२ गते कार्यालय समय भित्र रु.१० को टिकट टांसी लिखित निवेदन पेश गरी प्राप्त गर्न सकिनेछ । यस्तो निवेदनको साथमा कम्पनी/फर्म दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता,स्थायी लेखा नं.,आ.व.२०७३/०७४को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपीहरु र बोलपत्र सम्बन्धी कागजातको दस्तुर रु १०००।(फिर्ता नहुने) पेश गर्नु पर्नेछ ।

४. शिलबन्दी गरिएको दरभाउपत्र पोष्ट हार्भेष्ट व्यवस्थापन निर्देशनालय,श्रीमहल, ललितपुर मा मिति २०७४।०७।२३ गते १२.०० बजेभित्र बुझाउनु पर्नेछ । ढिलो गरी प्राप्त दरभाउपत्र स्विकार गरिनेछैन ।

५. तोकिएको समयभित्र पेश भएका दरभाउपत्रहरु उपस्थित हुन चाहेका दरभाउपत्रदाता वा नीजको प्रतिनिधिको रोहबरमा पोष्टहार्भेष्ट व्यवस्थापन निर्देशनालय,श्रीमहल, ललितपुर मा २०७४।०७।२३ गते दिनको २.०० वजे खोलिने छ । बोलपत्र खोलिएको दिन देखि गणना हुने गरी कम्तिमा ४५ दिन सम्मको लागि दरभाउपत्र मान्य हुनेछ । दरभाउपत्रको साथ रु.४४४००।.(अक्षरुपी रु चौवालिस हजार चारशय) को.ले.नि.का,ललितपुर को ने.वे.लि.गावहाल, ललितपुर स्थित धरौटी खाता नं. ०१८०२००००००००३००००५१ ख- ३ धरौटी खातामा (यस निर्देशनालयको कार्यालय **कोड नं. २८-३१२-३८** उल्लेख गरि)नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा यस निर्देशनालयको नाममा मान्यता प्राप्त वाणिज्य बैंक बाट जारी गरेको सो रकम बराबरको दरभाउपत्र जमानत बापत पेश गर्नु पर्नेछ र त्यस्तो दरभाउपत्र जमानतको मान्य हुने अबधि दरभाउपत्रको मान्य हुने अबधिभन्दा कम्तिमा ३० दिन बढीको हुनु पर्नेछ ।

६.दरभाउपत्रदाता आफैले तोकिएको मालसामान (कोदो चुट्ने मशिन) थान २० निम्न जिल्लाहरुको जिल्ला कृषि विकास कार्यालयहरु सम्म निम्नानुसारको संख्यामा ढुवानी गर्नु पर्ने छ ।

(खोटाङ ४, सोलुखुम्बु ५, ओखलढुङ्गा ५, पांचथर ४ र संखुवासभा २ थान ।)

**७.** रीत नपुगी,म्याद नाघि वा कुनै शर्त राखि पेश हुन आएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन् ।

८. दरभाउपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरिको मिति र समयमा दरभाउपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ । यस्तो अबस्थामा दरभाउपत्र र दरभाउपत्र जमानतको मान्य अवधि भने साबिककै मिति देखि गणना गरिने छ ।

९. दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको,प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धीत पेशा वा व्यवशाय संबन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्व-घोषणा पेश गर्नु पर्ने छ ।

१०. कुनै वा सबै दरभाउपत्र, पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार खरिदकर्तामा निहित रहने छ ।

११.यस सूचनामा उल्लेख भएका बुंदाहरुको हकमा यसै बमोजिम र उल्लेख नभएका को हकमा नेपाल सरकार को सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ र प्रचलित कानून बमोजिम हुने छ ।